नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग

प.सं.:-
च.नं.:-

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

मितिः- २०७८/०१/३१

विषय: विशेष परिस्थितिमा खरिद सम्बन्धि कार्य गरिएको सूचना प्रकाशन गरिएको।

यस विभागमा रहेको केन्द्रीय डाटा सेन्टरमा मिति २०७७/१२/२४ गते राती करिब १०.०० बजे देखि विगतमा जडान भै संचालनमा रहेको व्याट्रीमा अचानक समस्या आएको र सोही कारण व्याट्री सर्ट भै डाटा सेन्टरमा आगलागी भएकोले डाटा सेन्टरबाट संचालनमा रहेको Asycuda World System को नेटवर्क, सफ्टवेयर, हार्डवेयर, पावर व्याकअप, जेनेरेटर, विद्युत, व्याट्री, कुलर लगायतमा समस्या आइ Overheating भई Cooling System तथा Connection Wire मा क्षति पुग्न गएकोले Asycuda World System बन्द हुन गएको थियो ।

Data Center तत्काल मर्मत गरी संचालन नगरेमा भन्सार कार्यालयहरुबाट हुने आयात निर्यातका कार्यहरु संचालन हुन नसकी राजश्व आम्दानीमा ठूलो नोक्सानी हुने, अन्तर्राष्ट्रीय व्यापारमा अवरोध हुने र सोही कारण मुलुकले लिएको समग्र राजश्व प्रासीको लक्ष्यमा नै असर पर्ने भएकोले तत्काल डाटा सेन्टरको लागि आवश्यक सामानहरु खरिद गरी डाटा संचालन भएको छ ।डाटा सेन्टर मर्मत गरी संचालन गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा भएको विशेष परिस्थितिमा खरिद सम्बन्धि व्यवस्था बमोजिम देहायका सामाग्रीहरु तपसिलको परिमाण र मूल्यमा यस विभागको मिति २०७७/१२/२५ को निर्णयानुसार खरिद र जडान गरी डाटा सेन्टरको कार्य सूचारु भएको व्यहोरा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उपनियम ३ बमोजिम मिति २०७८/०१/३१ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि.नं. | सामानको नाम | विवरण | परिमाण | दर रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १ | Battery | 100 Ah SMF Exice Battery | ९६ वटा | १८२०० | १७४७२०० |
| २ | Power Cable | 25 sq.mm | १२० मिटर | ५५३ | ६६३६० |
| ३ | Cable Connector | 25sq. connector | २०० वटा | ५५ | ११००० |
| ४ | Fan Controller | (outdoor fan controller) | १ थान | ८५९०० | ८५९०० |
| ५ | Battery Rack | ms Battery rack for 100 Ah Battery | ५ थान | २०६०० | १०३००० |
| | | | | १३% मू.अ.कर रकम रु. | २,६१,४७९ |
| | | | | जम्मा रकम रु. | २२,७५,२०९ |

(हस्ताक्षर)
............
घनश्याम तिमिल्सिना
शाखा अधिकृत

टेलिफोन नं.: ९७७-१-४११७२२३, ४११७२३१, ४११७२२९, ४११७२२७, ४११७२२१, ४११७२२४, ४११७२२०
फ्याक्स नं.: ९७७-१-४११७२१८, एक्सचेन्ज नं.: ४११७२२२, टोल फ्रि नं.: १६६००१२१२२३
इमेल : npdochq@customs.gov.np, it@customs.gov.np वेभसाइट : www.customs.gov.np